# थाहा नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

## ईन्द्रायणचौर मकवानपुर, बागमती प्रदेश, नेपाल

### सम्पत्ति तथा मालसामानको लिलाम बिक्रीको संशोधित सूचना

सूचना नं.:-०१/(लिलाम)/२०८०/०८१
प्रथम पटक प्रकाशित मिति २०८१।०३।०४ गते
संशोधित सूचना प्रकाशित मिति २०८१।०३।११ गते

यस कार्यालयमा रहेका तपसिल बमोजिमका सम्पत्ति तथा जिन्सी मालसामान जे जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम बिक्री गर्नुपर्ने भनि यस अघि मिति २०८१।०३।०४ गते सूचना प्रकाशन भएकोमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावलीमा भएको व्यवस्था तथा कार्यालयबाट वेभसाइटमा प्रकाशित विस्तृत सूचनामा केही अस्पष्टता भएको हुँदा मूल्यांकन समितिको मिति २०८१।०३।११ को निर्णय अनुसार यो सूचना प्रकाशित गरिएको छ । इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीहरूले प्रथम पटक प्रकाशित मितिले १५ दिन भित्र फारम खरिद गर्ने र १६ औ दिन (२०८१/०३/१९) को १२:०० बजेभित्र गते भित्र लिलाम बिक्रीको लागि कायम न्यूनतम मूल्यको पाँच प्रतिशतले हुने धरौटी सहित दर्ता गर्नुहुन यो लिलाम बिक्री आह्वान गरिएको छ ।

(१) लिलाम बिक्री गर्ने सम्पत्ति तथा मालसामानको विवरण:

| क.सं. | लिलाम हुने सम्पत्ति तथा मालसामानको नाम | सुरु खरिद मिति | ब्राण्ड | स्पेशिफिकेसन | न्युनत्तम मूल्य |
|---|---|---|---|---|---|
| | कवाडि जन्य प्लाष्टिक, स्टिल, आल्मुनियम, जस्तापाता, फलाम, युपिएस , नेट तथा टेलिफोनका केबलका सामानहरु, पुरानो टायर र हिटर | चालु हालतमा नरहेको | चालु हालतमा नरहेको | चालु हालतमा नरहेको | ३७८९८५।(तीन लाख अठहत्तर हजार नौ सय पचासी रुपैया मात्र) |

(२) विस्तृत विवरण यस नगरपालिकाको वेभसाइट www.thahamun.gov.np मा राखिएको छ ।
(३) यस अघि सहभागी भएका लिलाम सकार गर्न चाहने व्यक्ति वा फर्महरुले यस कार्यालयमा दर्ता गरेको बोलपत्र मान्य हुने छ ।
(४) कार्यालयलाई बोलपत्र स्वीकार वा रद्द गर्ने सम्पूर्ण अधिकार रहने छ ।

२०८१।०३।११

कृष्ण गिरी
प्रमुख प्रशासकीय अधिकृत

अनुसुची - ११

(दफा ९ को उपदफा (३) संग सम्बन्धित )

# थाहा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

मकवानपुर

कृष्ण गिरी
प्रमुख प्रशासकीय अधिकृत

सम्पत्ति तथा जिन्सी मालसामान लिलाम बिक्री सम्बन्धी बोलपत्र

फाराम

आ.व. २०८०/८१

सूचना नं. :- १ (लिलामी) /२०८०/०८१

थाहा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

मकवानपुर

## सम्पत्ती तथा जिन्सी मालसामान लिलाम बिक्रीको लागि बोलपत्र आव्हानको सूचना

सूचना नं. :- १ (लिलामी) /२०८०/०८१

प्रथम पटक प्रकाशित मिति:२०८१/०३/०४

संशोधित सूचना प्रकाशित मिति:२०८१/०३/११

कृष्ण गिरी
प्रमुख प्रशासकीय अधिकृत

यस नगरपालिकामा मौजुदा रहेका लिलाम विक्री गर्नुपर्ने सम्पत्ति तथा जिन्सी मालसामान जे जस्तो अवस्थामा छ सोही अवस्थामा बोलपत्रको माध्यमद्धारा लिलाम बिक्री गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीले देहायका शर्तहरुको अधीनमा रही बोलपत्र पेश गर्नुहून यो सूचना प्रकाशित गरिएको छ ।

१. इच्छुक बोलपत्रदाताहरुले यस नगरपालिकाको जिन्सी शाखाबाट आवश्यक जानकारी हासिल गर्ने वा बोलपत्र सम्बन्धी काजात हेर्न तथा खरिद गर्न सक्नेछन् ।

२. इच्छुक बोलपत्रदाताले २०८१/०३/१८ गतेसम्म कार्यालय समयभित्र फिर्ता नहुने गरी रु २००० /- (अक्षेरुपी दुइ हजार रुपैंया रकम) नगद वा कृषि विकास बैकमा रहेको यस नगरपालिकाको राजश्व खाता नं. ०५०८४०११५५७३८१२१ राजश्व बुझाई सक्कल राजश्व दाखिला भौचर सहित बोलपत्रदाताको फर्म दर्ता प्रमाणपत्र वा इच्छुक व्यक्ति भएमा नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न राखी बोलपत्र फाराम खरिदको लागि निवेदन पेश गर्नुपर्नेछ वा कार्यालयको वेभसाइटमा रहेको बोलपत्र कागजात डाउनलोड गरी प्रकिया अगाडि बढाउन सक्नेछन ।

३. बोलपत्र प्रथम पटक प्रकाशित भएको मितिले १६ औ दिनको १२ बजे भित्र यस कार्यालयमा दर्ता गरी सक्नुपर्नेछ ।

४. कार्यालयमा दर्ता भएका बोलपत्रहरु १६ औ दिनको १ बजे उपस्थित भएका बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यलयमा खोलिनेछ । तर बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएको कारणले मात्र बोलपत्र खोल्न बाधा पर्ने छैन ।

५. लिलाम बिक्री हुने सम्पत्ति तथा जिन्सी मालसामान हेर्न चाहने बोलपत्रदाताले कार्यालय समय भित्र जिन्सी शाखामा सम्पर्क राख्नु पर्नेछ ।

६. बोलपत्रादाताले बोलपत्र साथ जमानत वापत आफूले कबोल गरेको दररेट अनुसारले हुने आउने कुल रकमको पाँच प्रतिशत रकम थाहा नगरपालिका कार्यालयको नाममा कृषि विकास बैक पालुङमा रहेको धरौटी खाता नं ०५०८४०११५५७३८०३० मा जम्मा गरी सोको सक्कल बैक भौचर वा यस कार्यालयको नाममा जारी भएको कम्तीमा नब्बे दिन म्याद भएको बैक जमानत (विड वण्ड) पेश गर्नुपर्ने छ ।

७. बोलपत्रदाताले बोलपत्र भर्दा तोकिएको फाराम बमोजिम भर्नु पर्नेछ । बोलपत्र स्वीकृत गर्दा सबैभन्दा अधिकतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही बोलपत्रलाई स्वीकृत गरिनेछ ।

८. बोलपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने अन्तिम दिन विदा परेको खण्डमा त्यसको लगतै कार्यालय खुलेको दिन बोलपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने दिन मानिनेछ । (बोलपत्रदाताले बोलपत्र फाराम पेश गर्दा भर्नुपर्ने निवेदन)

थाहा नगरपालिका नगर कार्यपालिकाको कार्यालय इन्द्रावती चौर, मकवानपुर बागमती प्रदेश, नेपाल २०७३

कृष्ण गिरी
प्रमुख प्रशासकीय अधिकृत

श्रीमान कार्यालय प्रमुख ज्यू,

थाहा नगरपालिका ।

विषय: बोलपत्र पेश गरेको सम्बन्धमा ।

त्यस कार्यालयको सूचना नं. : ०१ लिलामी) /२०८०/२०८१, मिति ............................मा प्रकाशित सूचना अनुसार लिलाम बिक्रीको लागि राखिएको सम्पत्ति तथा जिन्सी मालसामान तपसिल बामोजिम सकार गर्न मन्जुर भएकोले यो बोलपत्र फाराम भरी पेश गरेको छु ।

तपशिल :

कबोल अङ्क

१. एकमुष्ट कबोल रकम रु ................................................ ( अक्षेरुपी.......................................................................................................................... ।

बोलपत्र पेश गर्ने फर्म/व्यक्तिको नाम:

ठेगाना :

मिति :

हस्ताक्षर :

बोलपत्र फर्म/व्यक्तिले भर्नुपर्ने विवरणहरु

१. बोलपत्रदाता फर्म वा व्यक्तिको नाम : ...........................................

२. प्रोपाइटर वा मूख्य कारोबार गर्ने व्यक्ति : ..........................................

३. बोलपत्र साथ संलग्न कागजात: .....................................

क. ............................. फर्म नवीकरण भएको इजाजत

ख. नागरिकता प्रमाणपत्र

४. जमानत वापतको ....................................... बैंकमा जम्मा गरेको रकम रु .....................

अक्षरुपी ...........................................

५. बोलपत्र पेश गरेको मिति :................................................

६. फर्म र व्यक्तिको तर्फबाट बोलपत्र प्रयोजनका लागि कुनै प्रतिनिधि नियुक्ती गरेको भए त्यसको विवरण र संलग्न कागजात : .........................................

बोलपत्र  सम्बन्धी शर्तहरु

थाहा नगरपालिका नगर कार्यपालिकाको कार्यालय इन्द्रावती चौर, मकवानपुर बागमती प्रदेश, नेपाल २०७३

कृष्ण गिरि
प्रमुख प्रशासकीय अधिकृत

१. बोलपत्र सम्बन्धी कागजात : लिलामी बिक्री सम्झौताको लागी यो बोलपत्र फारममा समावेश भएको सम्पुर्ण बिषय लागू हुने । बोलपत्रदाताको कार्यालय बाट खरिद गरेको बोलपत्र फारममा दस्तखत र फर्म वा संस्था भएको छाप समेत लगाई पेश गर्नुपर्नेछ ।

२. बोलपत्रको भाष : लिलाम बिक्रीको लागी, कार्यालय तथा बोलपत्रदाताले प्रयोग गर्ने कागजात तथा पत्राचार नेपाली भाषामा हुनेछ ।

३. कुनै बोलपत्रदाता फर्म वा संस्थाले संयुक्त उपक्रममा बोलपत्र पेश गर्न चाहेमा संयुक्त उपक्रम सम्झौता गरी पेश गर्न सक्नेछ । यसरी सम्झौता गरे पश्चात बोलपत्र फारममा दस्तखत गर्ने लगायतको लागी आधिकारिक व्यक्ति नियुक्त गरी निजको दस्तखत नमुना बोलपत्र फारममा समावेश गर्नुपर्नेछ ।

४. लिलाम बिक्री सम्बन्धी कारवाही आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व ऐन ,२०७६ तथा नियमावली २०७७ मा भएको व्यवस्था बमोजिम हुनेछ ।

५ बोलपत्र साथ आफुले कबोल गरेको रकम ५ प्रतिशत ले हुने रकम थाहा नगरपालिका कार्यालयको नाममा कृषि विकास बैक पालुङ शाखामा रहेको धरौटी खाता नं ०५०८४०११५५७३८०३० जम्मा गरेको सक्कल भौचर पेश गर्नुपर्नेछ ।

६ बोलपत्रदाताले स्पष्ट रुपमा प्रोपाईटर , कारोबार गर्ने व्यक्ति ,कारोबार गर्ने मुख्य स्थल वा पसल फोन नम्बर आदि सबै कुराको जानकारी उपलब्ध गराउनु पर्नेछ ।

७. बोलपत्रदाताले बोलपत्र फारम भर्दा राम्ररी अध्ययन गरी सच्याएर ठाउँमा र प्रत्येक पानामा आफुले हस्ताक्षर गरी आफ्नो छाप समेत लगाउनु पर्नेछ ।

८. कार्यालयले लिलाम बिक्रीको लागी छनौट भएको व्यक्ती वा फर्मले सुचना प्रकासन गरेपछि सो प्रक्रियामा चित नबुझेका बोलपत्रदाताले सात दिनभित्र कार्यालय प्रमुख समक्ष निवेदन पेश गर्नु पर्नेछ ।

९ लिलाम बिक्रीको लागी पेश भएको बोलपत्र स्वीकार गर्ने वा नगर्ने अधिकार कार्यालयमा सुरक्षित रहनेको छ।

१० लिलाम बिक्री सम्झौता सम्बन्धी विवद देखिएमा कार्यालय र बोलपत्रदाता बीच वार्ताबाट समाधान गरिनेछ ।

११ बोलपत्र फारममा सम्पति तथा मालसामान लिलाम बिक्री सुचीकृत गरिएकोमा उक्त सुचिमा रहेको सम्पती तथा जिन्सी मालसामानको प्रति एकाई मूल्य तोकि लिलाम बिक्री हुने सम्पती तथा जिन्सी सामानहरुको कबोल अङ्क को लागी निर्धारित फारममा कबोल गर्नु पर्नेछ । कुनै सामानको इकाई मूल्य नतोकिए पनि कुल कबोल रकम अनुसार सबैभन्दा बढी रकम कबोल गर्ने बोलपत्रदाता छनौट गरिनेछ ।

१२ लिलाम गरिने मालसामानको न्युन्तम मुल्य रु ३,७८,९८५.(अक्षेरुपी तीन लाख अठहतर हजार नौ सय पचासी रुपैया मात्र ) मु.अ.कर बाहेक कायम गरिएको छ । बोलपत्रदाताले यसै रकमलाई न्युन्तम रकम मानी बोलकबोल गर्नुपर्नेछ ।

१३ बोलपत्र फारममा उल्लेख भए  अनुरुपका लिलाम बिक्री गरिने सम्पती तथा  जिन्सी मालसामान बोलपत्र पेश गर्नु अगावै हेरी बोलपत्र फारम पेश गर्नु पर्नेछ ।

१४ पेश भएको बोलपत्रको मान्य अबधी साठी दिन हुनेछ । पेश हुन आएका बोलपत्र मुल्याङकन उक्त  अबधी भित्र गरी सम्झौताको लागी छनौट गरिनेछ ।

१५ बोलपत्र फारममा सम्पती तथा जिन्सी मालसामान कबोल रकम स्पष्ट अङ्क र अक्षरमा लेख्नु पर्नेछ । अङ्क र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिइनेछ ।

१६ लिलाम बिक्रीको सम्झौता बमोजिमको रकम एकमुष्ठ  कार्यालयमा नगद वा कार्यालयले  तोकेको बैकमा जम्मा गरी सोको भौचर पेश गर्नु पर्नेछ ।

१७ बोलपत्रदाताले सम्झौतामा उल्लेखित अवधि भित्र लिलाम बिक्री गर्न तोकिएका सम्पुर्ण सम्पत्ति तथा जिन्सी मालसामान उठाई लैजान पर्नेछ ।

१८ लिलाम बिक्रीबाट सकार गरेको सम्पत्ति तथा जिन्सी मालसामान जे जस्तो अवस्थामा छ सोहि अवस्थामा उठाई लैजानुपर्नेछ ।

१९ लिलामा गरिएको सम्पत्ति तथा मालसामान ढुवानी गरी एक ठाँउबाट अर्को ठाँउमा लैजादा लाग्ने सम्पुर्ण खर्च (कर समेत) बोलपत्रदाता आफैँले व्यहोर्नु पर्नेछ ।

२० सम्झौता अवधि भित्र सम्पत्ति तथा मालसामान बोलपत्रदातले उठाई लान काबु बाहिरको परिस्थिति परेमा सम्झौता अवधि सकिनु अगावै म्याद थपको लागी कार्यालयमा निवेदन पेश गर्नु पर्नेछ ।

२१ सम्झौता अवधी भित्र सम्पत्ति तथा मालसामान उठाई नलगेमा वा सम्झौताको शर्त बोलपत्रदाताले उल्लंघन गरेका कार्यालयले बोलपत्रदाताको धरौटी रकम जफत गरी सम्झौता अन्त्य गरिनेछ ।

२२ बोलपत्रदाताले सशर्त बोलपत्र पेश गर्न सक्ने छैन ।

२३ बोलपत्र सम्बन्धी शर्तहरु सम्झौताको अङ्ग हुनेछ ।

कृष्ण गिरी
प्रमुख प्रशासकीय अधिकृत

वि.सं २०८१ /............/............गतेका दिन ..........थाहा नगरपालिका ( यस पछि कार्यालय भनिएको) र .................( यसप बोलपत्रदाता भनिएको) बीच लिलाम बिक्री गर्ने निर्णय भएका सम्पत्ति तथा जिन्सी मालसामान कवाडी मालसामान) जे जस्ता अवस्थामा छ सोही अवस्थामा उठाइ लैजाने सम्बन्धमा भएको बोलपत्र २०८१/..../ ....... निर्णयानुसार स्वीकृत भएकोले यो सम्झौता गरिएको छ ।

१. सम्झौता अवधि ............ दिनको हुनेछ ।

२. लिलाम बिक्रि सम्झौता रकम ................. रहेको छ ।

३. सम्झौता अवधिभित्र लिलाम कबोल गरेको सम्पूर्ण रकम नगद वा बैङकमा दाखिला गरी भौचर प्राप्त भए पश्चात सम्पत्ती तथा मालसामान बुझाइनेछ ।

४. बोलपत्रदाताले सम्पत्ति तथा मालसामान जे जस्तो अवस्थामा छ सोही अवस्थामा उठाई लैजानु पर्नेछ । सम्पत्ति तथा मालसमान उठाई लैजाने सम्बन्धमा लाग्ने सम्पूर्ण खर्च बोलपत्रदाता आफैले व्येहार्नु पर्नेछ ।

५. लिलाम सकार गरेको सम्पत्ति तथा मालसामान ढुवानी गर्दा लाग्ने सम्पूर्ण करहरु बोलपत्रदाता स्वंयमले व्यहोर्नु पर्नेछ । कुनै पनि कर बापत तिरेको रकमको शोधभर्ना यस कार्यालयबाट दिइने छैन ।

६. लिलाम सकार गरेको सम्पूर्ण सम्पत्ति तथा जिन्सी मालसामान बोलपत्रदाताले उठाउन चाहेको समय (कार्यालय समयभित्र) मा कार्यालयले उपलब्ध गराउनु पर्नेछ ।

७. सम्झौता अवधि भित्र लिलाम कबोल गरेको रकम बुझाई सम्पत्ति तथा मासामान उठाई नलगेमा वा सम्झौताको शर्त उल्लंघन गरेमा धरौटी बापत राखेको रकम जफत गरी सम्झौता अन्त्य गरिनेछ ।

८. बोलपत्र फाराममा उल्लेखित बोलपत्रका शर्तहरु यस सम्झौताको अभिन्न अङ्ग रहनेछ ।

९. यसमा उल्लेख भएका बाहेक अन्य कुराको हकमा नेपाल सरकारको प्रचलित कानुन बमोजिम हुनेछ ।

=====================
=

ठेकेदारको हकमा

नाम:

पद:

दस्तखत:

मिति

साक्षी रोहबर

१.

२.

३.

.........................

कार्यालयको हकमा

नाम:

पद:

दस्तखत:

मिति

लिलाम बिक्री हुने सम्पत्ति तथा जिन्सी मालसामनको कबोल अंक

कृष्ण गिरी
प्रमुख प्रशासकीय अधिकृत

| सि.नं. | सम्पत्तिको नाम | इकाई | न्युनतम प्रति केजी/थानको मूल्य | प्रति ईकाइ कबोल अंक | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | अंक | अक्षरमा | जम्मा रकम | |
| 1 | फलाम | kg | 55 | | | | |
| 2 | जस्तापाता/टिन | kg | 30 | | | | |
| 3 | आल्मुनियम | kg | 120 | | | | |
| 4 | स्टिल | kg | 60 | | | | |
| 5 | प्लाष्टिकका सामान | kg | 20 | | | | |
| 6 | नेट तथा टेलिफोनको तार | kg | 150 | | | | |
| 7 | युपियस | set | 150 | | | | |
| 8 | ईलेक्ट्रिक हिटर | set | 30 | | | | |
| 9 | टायर | set | 150 | | | | |
| कुल रकम | | | | | | | |

बोलपत्रदाता

बोलपत्र पेश गर्ने व्यक्ती वा फर्मको नाम:

फर्मको छाप:

मिति:

नोट: आफुले कबोल गरेको प्रति के.जी.को मुल्य सहित आईटम वाईज एकमुष्ठ जोड जम्मा गर्नु पर्ने छ ।